CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #६६

१५।६।२०७७

Coronavirus CivActs Campaign (CCC) ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## कोरोना महामारीको अवधिमा २०७७ असोज १३ गते सम्म विदेशबाट नेपाल फर्किने नेपालीको प्रदेशगत संख्या

जम्मा देश ३२

उडान संख्या ५५१



| | | |
|---|---|---|
| १ | प्रदेश नं. १ | १५,०१२ जना |
| २ | प्रदेश नं. २ | १२,५२९ जना |
| ३ | बागमती प्रदेश | १८, ४०९ जना |
| ४ | गण्डकी प्रदेश | ९,२७३ जना |
| ५ | प्रदेश नं. ५ | ११,९६६ जना |
| ६ | कर्णाली प्रदेश | १,५५६ जना |
| ७ | सुदूरपश्चिम प्रदेश | १,७८७ जना |
| | **जम्मा** | **७०,५३२ जना** |

*यसमा भारतबाट स्थल यातायात हुदै आउनेको संख्या समावेश गरिएको छैन ।*

स्रोत: https://ccmc.gov.np/

## नेपाल अपडेट



मनोज पासवान जलेश्वर बजारमा कामको खोजी गर्दै । उनी कोभिडबाट जोगिन भारतको चेन्नईबाट काम छोडेर पैदल फर्केका थिए ।

तस्बिर: राकेश प्रसाद चौधरी

### परिक्षण

पिसिआर परिक्षण: १०,३३,९४७

पोजेटिभ: ७९,७२८

उपचाररत: २१,३८०

मृत्यु : ५०९

सन्चो भएका : ५७,३८९




Source: https://covid19.mohp.gov.np/#/

# हल्ला र तथ्य



बजारमा मिथानोल मिश्रित ह्याण्ड सेनिटाईजर भेटियो । बिक्रिमा रोक लगायो भन्छन । यो भनेको के हो ? यसले के असर गर्छ ?

यो भनेको एक विशाक्त रसायन हो । उक्त मिथानोल रसायन मानिसमा स्वासप्रस्वास, मुख, छाला र आँखाको माध्यमबाट शरिरमा प्रवेश गर्दछ । यसबाट खोकी लाग्ने, टाउको दुख्ने, रिंगटा लाग्ने, वाकवाकी भई बान्ता हुने, कमजोरी हुने, स्वास फेर्न अप्ठेरो हुने, छाला सुख्खा तथा रातो हुने, दृष्टि धुमिल भई दृष्टि गुम्नसक्ने र मानिसको ज्यान समेत जानसक्ने हुनसक्छ । हाल सम्म कुन कुन कम्पनीका ह्याण्ड सेनिटाईजरको विक्रिवितरणमा सरकारले रोक लगाएको छ भनेर औषधी व्यवस्था विभागको वेवसाईट www.dda.gov.np मा हेर्न सक्नुहुन्छ ।

स्रोत: https://cutt.ly/af3CHaM



स्थानीय तहले किशान पहिचान गर्न घुम्ति सिविर गर्ने रे । त्यो भनेको के हो ।

कृषक वर्गिकरणको लागि आवश्यक तथ्यांक सहित राष्ट्रिय डाटाबेश तयार गर्न स्थानीय तहले घुम्ति शिविर सञ्चालन गर्ने भनेको हो । यस्ता शिविरले कृषक सूचिकरण सम्बन्धी जनचेतना जगाउने, कृषकहरुको विवरण सफ्टवेयरमा राख्न सहजिकरण गर्ने र त्यहाँ राखिएका विवरण प्रमाणिकरण गर्न सहनिकरण गर्नेछन् ।

स्रोत: https://www.mofaga.gov.np/news-notice/2120



के नेपालमा पर्वतारोहण वा पद यात्राका लागि विदेशीको भिषाको लागि नेपालसिथत ट्राभल एजेन्सीले सिफारिस गर्नुपर्ने हो ?

पर्वतारोहण वा पद यात्राका लागि विदेशबाट आउने पर्यटकले नेपाल आउनु अगावै नेपालको भिषा प्राप्त गरेको हुनुपर्दछ । तर, सम्बन्धित देशमा नेपालको भिषा उपलब्ध नहुने अवस्थामा वा समुहमा पर्वतारोहण वा पदयात्राका लागि नेपाल आउन चाहने पर्यटक दलले नेपालसिथत ट्राभल वा ट्रेकिङ एजेन्सीको समन्वयमा पूर्व स्वीकृती लिई नेपाल आउन सक्नेछन् भनेको हो । यसको मतलव ट्राभल एजेन्सीको सिफारिस चाहिने भनेको हैन ।

स्रोत: https://www.tourismdepartment.gov.np/pages/notices/33/204



उर्जा मन्त्रीले विद्युत महशुल सम्बन्धी सञ्चार माध्यममा बोलेका थिए । के भदौ महिनाको विद्युत महशुल तिर्नु नपर्ने हो ?

भदौ महिनामा देशका अधिकांश स्थानहरुका कोभिड - १९ को संक्रमणले गर्दा लकडाउन भएको र त्यसले महशुल भुक्तानिमा असहजता आएको कुरालाई मध्यनजर गरी नेपाल विद्युत प्राधिकरणले उपभोक्तलाई केही सुविधा दिने भएको छ । यस सन्दर्भमा २०७७ साल भदौ महिनाको महशुल भुक्तानी गर्दा छुट तथा थप दस्तुर लाग्ने समय हेरफेर गरिएको छ । २०७७ असोज २२ गते सम्म महसुल भुक्तानी गरेमा कुनै थप शुल्क लाग्ने छैन । असोज २३ देखी ३० गते सम्म भुक्तानी गर्दा ५ प्रतिशत मात्र थप दस्तुर लाग्नेछ ।

स्रोत: https://www.nea.org.np/admin/assets/uploads/supportive_docs/52073931.pdf

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्

२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19**

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| ३,३४,६०५ संक्रमित | १,०५,१८२ संक्रमित | ७०,८६४ संक्रमित | १,२५,७६० संक्रमित | ९५,३४८ संक्रमित | ९८,५८५ | ११,४८४ संक्रमित | २३,८८९ संक्रमित |
| १८७५ नेपाली संक्रमित | १६५० नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २२,५०० नेपाली संक्रमित | २४०० नेपाली संक्रमित | ४५ नेपाली संक्रमित | ८१ नेपाली संक्रमित | २ नेपाली संक्रमित |
| ११ मृत्यु भएका नेपाली | ७ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १६ मृत्यु भएका नेपाली | ३० मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | | |

- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली



स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

**ShramikSanjal**

## कतारमा श्रमिकले कम्पनी परिवर्तन गर्दा अपनाउनुपर्ने नयाँ प्रकृया

कतारले ल्याएको नयाँ कानुन अनुसार अब रोजगार दाता कम्पनी परिवर्तन गर्दा NOC नचाहिने व्यावस्था गरेको छ । यसका लागि हामीले कुन प्रकृया अपनाउने भन्ने कुरा यहाँ समेटिएको छ:

१. अहिले काम गरिरहेको कम्पनीलाई जानकारी दिने । यदी काम सुरु गरेको २ वर्षभन्दा कम भएको छ भने १ महिनाको, २ वर्ष भन्दा बढी छ भने २ महिनाको र करारमा समयाअवधी तोकिएको छ भने ३० दिन अघी सूचना दिनु पर्नेछ । करारपत्रमा समयाअवधी तोकिएको छैन भने, ५ वर्षपछी मात्र ६० दिने सुचना दिनु पर्नेछ ।

२. रोजगारदाता परिवर्तनको सूचना दिँदा कतारको श्रम मन्त्रालयको सूचना प्रणाली Electronic Notification system या ब्नीक्ष को लिंक https://bit.ly/ADLSA-ENS मा गएर अहिले काम गरिराखेको (छोड्न चाहेको) कम्पनीको कन्ट्र्याक्ट लेटर (ईप्लोईमेन्ट अफर), आँफू जान लागेको कम्पनिको अफर लेटर र कम्पनी परीवर्तन गर्न भरेको फारम लगायतका कागजात संलग्न गरि पठाउनु पर्दछ । त्यस पछि कामदार र जान चाहेको रोजगारदाता कंपनी लाई SMS वाट जानकारी आउँछ ।

३. नयाँ रोजगारदातासँग रोजगार करार गर्ने रोजगारदाता कम्पनीले कामदारसँगको छलफलमा करार पत्र वनाउने । उक्त करार पत्र कतारको श्रम मन्त्रालयवाट प्रमाणिकरण (Digital Authentication) गर्नको लागि https://elcr.adlsa.gov.qa/ लिंकमा जाने ।

४. अब कतारको नयाँ आइ डी वनाउने काम सुरु भयो । करार पत्र प्रमाणिकरण (Authenticated) भएपछि नयाँ रोजगारदाता कंपनीले कतार आइ डी को लागि Ministry of Interior मा अनुरोध गर्नेछ र नयाँ रोजगारदाता कम्पनीले कतार आइ डी र हेल्थ कार्ड बनाईदिनु पर्छ ।

**www.facebook.com/shramik.sanjal** बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका **UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight)** हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**

| संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष |
|---|---|---|---|
| ३६% | ११% | ४५% | ८% |

## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००

क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

अन्य
रु. १,२४,७३,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

## प्रदेश सरकारले गरेको खर्च

रकम निकासा

खर्च भएको रकम



# फ्रन्टलाईनर्स भोईसेस

## डा. बिनोद पराजुली



प्रमुख कन्सल्टेण्ट, सिद्धार्थ बाल तथा महिला अस्पताल (आम्दा) बुटवल

"कोरोनाको संक्रमण बढि रहेपनि आफनो नियमित कार्यसम्पादन गरीरहेको छु । उपचार गर्न आउने बालवालिकाहरुलाई आफनो कारणले संक्रमण नहोस भन्नेमा सचेत छु । संक्रमित चिकित्सकले अरु धरैलाई संक्रमण गर्न सक्छ भनेर सावधानी अपनाउने गरेको छु । लकडाउनको बेला होस या लकडाउन खुकुलो भएको बेला उपचारको लागि आउने बिरामीलाई प्रत्यक्ष भेटेर, आउन नसकेकालाई मोवाइल, भाइवर, फेसबुक म्यासेन्जर, ह्वास एपबाट समेत परामर्श दिने गरेको छु । जनस्वास्थ्यसँग सरोकार राख्ने बिषयहरुमा समूदायलाई सुचित गर्ने उदेश्यले बिभिन्न सार्वजनिक सञ्चारमाध्यम मार्फत धारणा राख्दै आएको छु ।"

## हुमकला पन्थी



सिनियर अनमी निरिक्षक, गजेडी स्वास्थ्य चौकी, रुपन्देही

"दैनिक ४० देखि ५० जना बिरामी सेवा लिन स्वास्थ्य चौकी आउने गर्दछन । लक्षण भएकालाई त चिनिन्छ, तर नभएकाबाट कसरी जोगिने र आफनो परिवारलाई पनि कसरी जोगाउने भन्ने चिन्ता भने भईरहन्छ । मास्क लगाएर मात्रै स्वास्थ्य चौकी आउन सर्वसाधारणलाई आग्रह गर्ने गरेकाछौं । कतिपय सेवाग्राही त मास्क लगाउन भन्दा पनि रिसाउने गर्दछन । रुपन्देहीको सैनामैना बनकट्टामा रहेको आफनै घरबाट दैनिक आउनेजाने गरेकी छु । पहिला नजिक आउनेहरु अहिले दुरी कायम गरेर बस्छन । यस्तो देख्दा खुशी र दुख दुबै अनुभव हुन्छ । स्वास्थ्यकर्मीलाई हर्ने समाजको दृष्टिकोण कोरोनाको महामारीसँगै नकारात्मक भइरहेको छ ।"

## अरबिनचन्द्र आचार्य



हेल्थ असिस्टटेण्ट, केरवानी स्वास्थ्य चौकी रुपन्देही

"देवदह आदर्श बहुमुखी क्याम्पसमा बनाइएको आइसोलेसन सेन्टरको व्यवस्थापनमा खटिएको छु । संक्रमितसँग नजिक भएर काम गर्नुपर्ने भएकाले डर त छ नै, त्यो भन्दा बढी घरमा रहेका बच्चा र बृद्धा आमाको चिन्ता लाग्छ । आमा मधुमेहको बिरामी हुनुहुन्छ । मेरो कारणले घरमा कुनै भबितव्य नहोस भन्नेमा सचेत छु । सुरुसुरुमा त क्वारेन्टीन मै बसे । अहिले भने घरबाट आउने जाने गरेको छु । स्वास्थ्यकर्मी देखेर खुशी हुनुभन्दा दुरी कायम गरेको देख्छु। साथीभाईहरु पनि त त आइसोलेसन सेन्टरबाट आएको होलास् नि भनेर तर्किने गर्दछन । तरपनि सेवाप्रति गर्व लाग्छ ।"

सही सूचना

# नेपालमा कोभिड - १९ का जम्मा संक्रमित र सकृय संक्रमितको अनुपातको सार्कका अन्य मुलुकसँगको तुलनात्मक अध्ययन

सार्क राष्ट्रहरूमा संकृय संक्रमित, सञ्चो भएका र मृत्यु भएका व्यक्तिको प्रतिशत




सार्कका अन्य राष्ट्रहरूको तुलनामा नेपालमा कोभिड - १९ बाट सञ्चो हुने दर थोरै र सकृय संक्रमितको दर उच्च छ । यसले नेपालमा अझै संक्रमणको दर बढ्दोक्रममा छ भन्ने देखाउँछ । केही सर्त बाहेक लकडाउन खुला भएको छ । साथसाथै चाडपर्वको समय पनि नजिकिदै गईरहेको अवस्थामा हालको तथ्यांकले पनि अहिलेनै संक्रमण नियन्त्रणमा आउने संकेत गर्दैन ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरू, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।



**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs